नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

ललितपुर

मानभवन

पत्र संख्या

चलानी नं.:

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ललितपुर

मितिः २०८०।०५।२७

## तिज पर्व मनाउने सम्बन्धी जरुरी सूचना।

साँस्कृतिक पर्व हरितालिका तिजको उपलक्ष्यमा सम्पूर्ण महिला दिदिबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

सामाजिक व्यवहार (सुधार) ऐन, २०३३ र सामाजिक व्यवहार (सुधार) नियमावली, २०३३ ले धार्मिक, सामाजिक तथा साँस्कृतिक पर्वहरु मनाउदा आफ्नो परम्परा एवं सामाजिक रितिरिवाजलाई मौलिक रुपमा संरक्षण र संवर्द्धन गर्ने र सो बाहेक अन्य कुनैपनि अशोभनिय क्रियाकलापहरुलाई ब्यवस्थित गरेकोले तिजसँग सम्बन्धित खर्चिलो एवम् भडकिलो कार्यक्रम सञ्चालन नगर्नु/नगराउनु हुन सबैमा हार्दिक अनुरोध छ।

तीज पर्व मनाउने सन्दर्भमा अनावश्यक तडकभडक र फजुल खर्च नियन्त्रण गरी मितब्ययी संस्कारको विकास गर्दै जानु असल नागरिकहरुको कर्तव्य भएकोले यस कार्यमा जिल्लास्थित सबै राजनीतिक दल, नागरिक समाज, पेशागत संघ संस्थाहरु, सञ्चारकर्मीहरु, महिला सञ्जाल लगायत सम्पूर्ण जिल्लाबासीहरुबाट सकारात्मक सहयोगको अपेक्षा गरिएको छ। कोही कसैले अनावश्यक तडकभडक र खर्चिलो हुने गरी तिजका कार्यक्रमहरुको आयोजना गरे/गराएमा त्यस्ता गतिविधिहरुको सुक्ष्म निगरानी गरी प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत यसै सूचनाद्धारा सरोकारवालाहरु सबैमा जानकारी गराईएको व्यहोरा अनुरोध छ।

२०८०/०५/२६

अमर दिप सुनुवार

सहायक प्रमुख जिल्ला अधिकारी

एवम् सुचना अधिकारी

सहायक प्रमुख जिल्ला अधिकारी